ईन्द्रावती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नवलपुर, सिन्धुपाल्चोक
३ नं प्रदेश, नेपाल

प.सं. : ०७५/०७६
च.नं. : 496

## विषय विज्ञको आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७५/०६/०९**

यस ईन्द्रावती गाउँपालिका अन्तर्गत शिक्षक छनौट परीक्षा संचालन गर्ने प्रयोजनका निमित्त देहायका योग्यता पुगेका यस गाउँपालिका अन्तर्गतका तपसिलका विषय विज्ञहरूको आवश्यकता परेको हुंदा सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रितपुर्वकको दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

१. **आधारभूत तह:**
- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा शिक्षा शास्त्रमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरी तालिम प्राप्त।
- निम्न माध्यमिक तहमा कम्तिमा ३ वर्ष स्थायी सेवा गरेको।
- स्थायी अध्ययन अध्यापन अनुमति पत्र प्राप्त गरेको।
- वहालवाला शिक्षक रहेको।

२. **माध्यमिक तह (१० जोड दुई समेतका लागि):**
- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा शिक्षा शास्त्रमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरी तालिमका साथै माथिल्लो तहको योग्यता हासिल गरेको।
- माध्यमिक तहमा कम्तिमा ३ वर्ष स्थायी सेवा गरेको।
- स्थायी अध्ययन अध्यापन अनुमति पत्र प्राप्त गरेको।
- वहालवाला शिक्षक रहेको।

३. **निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू (माथि उल्लेखित दुवै तहका लागि):**
- योग्ताका प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरू,
- स्थायी अध्ययन अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि,
- नगरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- हाल कार्यरत रहेको व्यहोरा खुल्ने सम्बन्धित विद्यालयको सेवा प्रमाणित सिफारिस,

४. **दरखास्त दस्तुर:** आधारभूत तहका लागि रू ३००/- र माध्यमिक तहका लागि रू ५००/-यस गाउँपालिकाको मेगा बैंक नेपाल लिमिटेड, नवलपुर स्थित हिसाव खाता नं. १००००१०००८५२७ मा जम्मा गरी भौचर फाराम साथ बुझाउनु पर्नेछ वा गाउपालिकाको राजश्व शाखामा रसिद काटी पेश गर्नुपर्नेछ।

५. दरखास्त फाराम ईन्द्रावती गाउं कार्यपालिकाको कार्यालय वा गाउंपालिकाको वेवसाइट : www.indrawatimun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

६. **दरखास्त दिने अन्तिम मिति:** २०७५/०६/२३ (सूचना प्रकाशन भएको १५ दिन भित्र) साथै विस्तृत जानकारीको लागि ईन्द्रावती गाउं कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन।

(*पुनश्च:* म्याद नाघी पेश हुन आएका दरखास्त मान्य हुनेछैन।

प्रमुख प्रशासकीय अधिकृत